संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या - १

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल वैशाख २८ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको ४:०५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त अधिवेशन आह्वान सम्बन्धी देहाय बमोजिमको पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

> नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०८१ साल वैशाख २८ गते शुक्रबारका दिन १४:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेको छु ।
>
> मिति :- २०८१ वैशाख २० (रामचन्द्र पौडेल)
>
> नेपाल संवत् ११४४ राष्ट्रपति

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभाको चौथो अधिवेशन प्रारम्भको अवसरमा सभाका सम्पूर्ण माननीय सदस्यहरुलाई स्वागत गर्नुहुँदै संसद्लाई प्रभावकारी र रचनात्मक बनाउन वातावरण सृजना गर्ने दायित्व सरकार, संसदमा रहेका सबै राजनीतिक दलहरु र स्वतन्त्र सांसदहरुको भएको साथै संसदका गतिविधि केवल राजनीतिक दाउपेचका लागि नभई लोकतन्त्रको सुदृढिकरण, मुलुकको समृद्धि र नागरिकका मुद्दाहरुलाई केन्द्रमा राखेर गर्नु पर्ने भन्ने लगायतका आफ्नो भनाइ राख्नुभयो साथै, संसदलाई प्रभावकारी बनाउन दलीय संवादका माध्यमबाट राज्यका प्राथमिकताहरु कार्यान्वयन गर्न यो अधिवेशन सक्षम हुने विश्वास रहेको व्यहोरा उल्लेख गर्नु भयो ।

तत्पश्चात, सम्माननीय सभामुखले प्रतिनिधि सभाको सदस्यमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) को तर्फबाट इलाम क्षेत्र नं. २ को उपनिर्वाचनबाट निर्वाचित हुनुभएका माननीय सुहाङ नेम्बाङ र जनता समाजवादी पार्टी नेपालको तर्फबाट समानुपातिक निर्वाचन प्रणाली मार्फत निर्वाचित भई हाल जनता समाजवादी पार्टीमा आवद्ध माननीय हसीना खानलाई सभा एवं आफ्नो व्यक्तिगत तर्फबाट स्वागत गर्दै सफल कार्यकालको शुभ कामना व्यक्त गर्नुभयो ।

तदुपरान्त, सभाले लोकतन्त्र र प्रजातन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न एक मिनेट उठेर मौन धारण गऱ्यो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त पत्रहरुको व्यहोरा पढेर सुनाउन लाग्नुहुँदा नेपाली काँग्रेसका उपस्थित माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिनुभई समय माग गर्नुभएपछि माननीय गगन कुमार थापालाई समय दिनुहुँदा उहाँले माननीय गृहमन्त्रीको नाम सहकारी ठगी प्रकरणमा जोडिएकोले नेपाली काँग्रेसले यस अघिको अधिवेशन देखि नै माग गर्दै आएको सहकारी ठगीको विषयमा छानविन गर्न संसदीय छानविन समिति गठन गर्नुपर्ने माग पुनः राख्नुहुँदै छानविन समितिमा सबै पार्टीबाट प्रतिनिधित्व हुने भएकोले माननीय गृहमन्त्री उक्त प्रकरणमा दोषी हुनुहुन्न भने संसदीय समिति गठन गर्न आपत्ति गर्न नहुने, संख्याको आधारमा सरकारको कामकारवाही अगाडि बढाउन नखोजियोस्, संसदीय छानविन समिति नबन्दासम्म नेपाली काँग्रेस पार्टीले सदनको कुनैपनि कामकारवाही अगाडि बढ्न दिनेछैन भन्नुभएपछि नेपाली काँग्रेसका उपस्थित माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिनुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले आज अधिवेशन आह्वानको पहिलो दिन भएकोले राष्ट्रपतिको कार्यालयको पत्र, अध्यादेश पेश लगायतका केही जरुरी कार्यक्रम सभाको कार्यसूचीमा रहेकोले माननीय सदस्यहरुले आ-आफ्नो स्थानमा बसेर सदन सञ्चालनमा सहयोग गर्नुहोस् भनी पटक पटक आग्रह गर्नुहुँदा पनि नेपाली काँग्रेस लगायत जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाका माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिइरहनुभएपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयको विधेयक प्रमाणीकरण सम्बन्धी पत्र पढेर सुनाउँदै

गर्दा नेपाली काँग्रेसका उपस्थित माननीय सदस्यहरु सभामुख आशन अगाडिको वेलमा आई विभिन्न किसिमका नाराहरु लगाउन शुरु गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले पटक पटक माननीय सदस्यहरुलाई आ-आफ्नो आशन गर्न र माननीय सदस्यहरुले राख्नुभएको मागलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा छलफल गरौं भन्नुहुँदा पनि नारा लगाउने क्रम नरोकिएपछि सम्माननीय सभामुखले बैठक १५ मिनेटपछि बस्ने गरी स्थगित गर्नुभयो ।

तदनन्तर बैठक १५ मिनेटपछि बस्नेगरी दिनको ४:२५ बजे स्थगित भयो ।

आजै १५ मिनेटपछि वस्नेगरी स्थगित भएको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको ५:४५ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुनासाथ नेपाली कांग्रेसका उपस्थित माननीय सदस्यहरु सभामुख आशन अगाडिको वेलमा आई विभिन्न किसिमका नाराहरु लगाउन शुरु गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्री रवी लामिछानेलाई सभाको बैठकमा उठेका विषयहरुमा बोल्नको लागी समय दिनुहुँदा नेपाली काँग्रेसका माननीय सदस्यहरुको अवरोधको कारण माननीय गृहमन्त्री रोष्ट्रममा जान असमर्थ हुनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले माननीय गृहमन्त्रीलाई सुन्ने धैर्यता गरेर त्यस पश्चात् अन्य कार्यक्रम कसरी लैजाने छलफल गरौला भन्नुहुँदा पनि नारा लगाउनेक्रम नरोकिएपछि सम्माननीय सभामुखले कार्यसूचीको बाँकी कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०८१ साल जेठ १ गते मंगलबार बेलुकी ६:०० बजे बस्नेगरी बैठक दिनको ५:५५ बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव